बैठक सङ्ख्या : १३

आज मिति २०८०।०१।२३ र २४ गतेका दिन यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको १३ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| भुपेन्द्रा बुढा | कार्यपालिका उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि क | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| शंखे सेन | ६ नं. वडा अध्यक्ष |
| चित्र बहादुर बुढा | ७ नं. वडा अध्यक्ष |
| पूर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| लयन बुढा | ११ नं. का वा वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| समिर गिरी | सदस्य सचिव |
| भिम प्रकाश के सी | पशु सेवा शाखा प्रमुख |

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

## १३ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरु :

१. १२ औं कार्यपालिका बैठकका निर्णय कार्यान्वयन तथा समिक्षा सम्बन्धमा ।
२. प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखामा कर्मचारी व्यबस्थापन सम्बन्धमा ।
३. संघिय सरकार र प्रदेश सरकारसँग योजना माग सम्बन्धमा ।
४. गाउँपालिका भित्रको फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
५. बजेट कार्यान्वयन तथा सम्झौता नभएका योजनाहरु सम्बन्धमा ।
६. आधारभुत अस्पताल तकसेराको दरबन्दि तेरिज सम्बन्धमा ।
७. हुकाम-काजरजंग-पेल्मा सडक खण्डको डिपिआर (DPR) संशोधन सम्बन्धमा ।
८. संघिय सरकारबाट प्राप्त हुने समाणीकरण अनुदान रकम कटौति सम्बन्धमा ।
९. बजेट रकमान्तर सम्बन्धमा ।
१०. सडकमा होम-पाईप राख्ने सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।

पुथा उत्तरगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

समिर गिरी प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु:-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०७९ साल चैत २५ र २६ गते सम्पन्न १२ औं गाउँ कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन विभिन्न कानुनहरुको अधिनमा रहि प्रभावकारी ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** प्रस्ताव नं. २ मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँकार्यपालिकामा हाल प्रमुख प्रशासकीय अधिकृतको दरबन्दि रिक्त रहेको हुदाँ उक्त जिम्मेवारी स्वास्थ्य शाखा प्रमुख (अधिकृत छैटौं तह) श्री समिर गिरीलाई नि.प्रमुख प्रशासकीय अधिकृतको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने र लेखा शाखाको लागि आवश्यक कर्मचारी व्यवस्थापन गर्न तत्काल सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ मा छलफल गर्दा संघिय सरकार र प्रदेश सरकारबाट आ व २०८०/०८१ को लागि यस गाउँपालिकाको आवधिक योजना निर्माण गर्दा गाउँपालिका तथा वडा कार्यालयबाट छनोट भएका योजनाहरुलाई प्राथमिकताको आधारमा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-** प्रस्ताव नं. ४ मा छलफल गर्दा यस गाउँपालिकाको विभिन्न ठाउँहरुमा जथाभाबी डम्पिङ गरिने फोहोरमैलाहरुलाई व्यवस्थापन गर्नका लागि "फोहोरमैला व्यवस्थापन ऐन - २०८०" र होम-स्टे (घरबास) सन्चालन कार्यविधि- २०८० लाई थप परिमार्जन र संशोधनका लागि विधायन समितिमा छलफल गराई स्वीकृतिका लागि आगामी कार्यपालिकामा पेश गर्ने । साथै यस गाउँपालिकाका सबै वडाहरुले फोहोरमैलालाई प्रत्येक हप्ताको शनिवार सरोकारवालाहरु सबैको सहभागितामा अनिवार्य सरसफाई गर्ने र डम्पिङ गर्ने निर्णय गरियो । साथै गाउँपालिकाको केन्द्र रहेको तक गाउँ तथा बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्नका लागि गाउँपालिका सभा देखि कपासे सम्म सडक निर्माण गर्ने र कपासे क्षेत्रलाई डम्पिङ साइड निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:- प्रस्ताव नं. ५ मा छलफल गर्दा चालु आ.व. मा कार्यान्वयन तथा सम्झौता हुन नसकेका योजनाहरुको प्रकृति हेरी यथाशिघ्र सम्पन्न हुन सक्ने योजनाहरुलाई कार्यान्वयन र सम्झौता गर्ने र सम्पन्न हुन नसक्ने प्रकृतिका योजनाहरु सम्झौता नगर्ने निर्णय गरियो ।

निर्णय नं. ६:– यस गाउँपालिका वडा नं. १० [illegible] शैयाँ को आधारभुत अस्पतालको लागि तपशिल अनुसारको कर्मचारी दरवन्दि तेरिज स्विकृत गर्ने निर्णय गरियो ।

तपशिल:-

| क्र स | पद | श्रेणी/तह | सेवा | समुह | प्रस्तावित दरबन्दि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | १ | |
| २ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | जनरल नर्सिङ | २ | |
| ३ | हेल्थ असिस्टेन्ट | ५/६/७ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | २ | |
| ४ | ल्याव टेक्निसियन/ असिस्टेन्ट | ५/६/७ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजि | २ | |
| ५ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफि | १ | |
| ६ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १ | |
| ७ | अ.न.मी. | ४/५/६ | स्वास्थ्य | जनरल नर्सिङ | २ | |
| ८ | अ.हे.व. | ४/५/६ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | २ | |
| ९ | प्रशासन सहायक | राप अनंकित प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | |
| १० | कार्यालय सहयोगी | श्रेणि विहिन | प्रशासन | सामान्य प्रशासन | १ | |
| ११ | सरसफाई कर्मि | श्रेणि विहिन | प्रशासन | सामान्य प्रशासन | १ | |

निर्णय नं. ७:– प्रस्ताव नं. ७ मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका हुकाम-काजरजंग-पेल्मा सडकको संशोधित डि पि आर (DPR) लाई स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८:– प्रस्ताव नं. ८ मा छलफल गर्दा अर्थ मन्त्रालयको चलानि नं. १२१, मिति २०८०।०१।१४ गतेको प्राप्त पत्रानुसार आ.व २०७९/०८० मा वित्तीय समानिकरण अनुदान बापतको रकम हस्तान्तरण हुन बाँकि अन्तिम किस्ता बापतको रकममा ५० प्रतिशत रकम कटौत्ति गर्ने भन्ने पत्र प्राप्त भएको हुदाँ सो बापतको रकम गाउँपालिका कार्यालय, विषयगत शाखा तथा वडाकार्यहरुबाट सम्पन्न हुन नसकेका कार्यक्रम/योजनाबाट रकम कटौति गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:– प्रस्ताब नं. ९ मा छलफल गर्दा गाउँपालिका कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयहरुबाट बजेट रकमान्तर गर्नका लागि प्राप्त विवरण अनुसारको बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:– प्रस्ताव नं. १० मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्र पर्ने क्वुवाङ-कोल-राङ्सि-जामावगर र क्वुवाङ-तकसेरा-नयाँबजार-हुकाम सम्मको सडक खण्डमा पर्ने खोलाहरुमा होम-पाईप राख्नका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११:– प्रस्ताव नं. ११ मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका अध्यक्ष कप २०७९ संन्चालन तथा सम्पन्न भई सकेको र २,५०,०००।०० (अक्षरुपी दुई लाख पचास हजार मात्र) रकम भुक्तानी गर्न बाँकि रहेको हुदाँ उक्त रकम भुक्तानी दिने निर्णय गरियो । साथै वडा नं. ८ मा रहेको स्वास्थ्य चौकी जाङ रिवाङचौरमा कार्यरत सि.अ.न.मी. श्री भागि मल्लले मिति २०७९।०९।२४ गते देखि २०७९।०९।२८ गते सम्म भेरी हस्पिटल नेपालगन्ज बाँकिमा मेडिकल एवोर्सन (Medical Abortion) सम्बन्धि तालिम लिएकोले उक्त स्वास्थ्य संस्था र निज व्यक्तिलाई यस गाउँपालिकामा सुचिकृत गर्ने निर्णय गरियो ।

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत